Doctrines of the Bible
by David Bernard

# आधारभुत सिद्धान्तको पुस्तिका

## पदहरूको संग्रह

---

डेविड के. वर्नाड

# आधारभुत सिद्धान्तको पुस्तिका

## पदहरूको संग्रह

---

डेविड के. बर्नाड

# आधारभुत सिद्धान्तको पुस्तिका

## पदहरूको संग्रह

संस्करण: दोस्रो २००७

संख्या: १००० प्रति

छपाई तथा प्रकाशन: **बबि अधिकारी**

मुद्रण: श्री स्वागतम् अफसेट प्रेस
मैतिदेवी, काठमाडौं
फोन: ४४२३७७४

# विषय सूची

"यसकारण खीष्ट सम्बन्धी प्राथमिक सिद्धान्तहरुलाई छोडेर हामी परिपक्वत्ता तर्फ बढौ । मृत्युतिर लैजाने कर्महरुबाट पश्चाताप र परमेश्वरमाथिको विश्वासको कुराको जग फेरि नबसालौ र विभिन्न बप्तिष्माहरू सम्वन्धी शिक्षा, हात राख्ने काम, मरेकाहरूको पुनरुत्थान र अनन्तको दण्ड जस्ता कुराहरूको जग फेरि नबसालौं ।"

(हिब्रु ६:१-२)


| **शीर्षक** | **पृष्ठ** |
|---|---|
| **भूमिका** | ५ |
| **अ. परमेश्वर** | ६ |
| (क) एक परमेश्वर | ६ |
| (ख) परमेश्वर अदृश्य आत्मा हुनुहुन्छ | ८ |
| (ग) पिता, पुत्र र पवित्र आत्मा | ८ |
| १. पिता- अभिभावकको सम्वन्धको रुपमा | ८ |
| २. परमेश्वरको पुत्र -मानविय रुपमा/मनुष्य रुपमा) | ९ |
| ३. पवित्र आत्मा -परमेश्वर (आत्मामा सक्रिय) | १० |
| ४. पिता चाँहि पवित्र आत्मा हुनुहुन्छ | १० |
| (घ) येशू खीष्टको स्वरुप | ११ |
| १. येशू परमेश्वरको अवतार हुनुहुन्छ | ११ |
| २. शुरुदेखि नै उहाँ मानविय जीवनको रुपमा | १२ |
| ३. येशूको परमेश्वरीय स्वरुप पिता हुनुहुन्छ | १३ |
| ४. येशूको परमेश्वरीय स्वरुप पवित्र आत्मा हुनुहुन्छ | १३ |
| ५. येशू यहोवा हुनुहुन्छ | १४ |
| (ङ) येशूको नाम (यहोवा मुक्तिदाता) | १५ |
| १. नयाँ नियममा परमेश्वरको उच्च चमत्कार, दर्शन | १५ |
| २. बचाउने नाम | १६ |
| **आ. मुक्ति** | १७ |
| (क) मुक्तिको सर्वब्यापी चाहाना | १८ |
| (ख) येशू खीष्टको मिलापमा काम | १९ |
| (ग) अनुग्रहद्धारा मुक्ति | २० |

(घ) विश्वासद्धारा मुक्ति :- २०
१. येशू ख्रीष्टमा विश्वासद्धारा मात्र २१
२. विश्वासलाई बचाईराख्न आज्ञाकारी २२
३. मानसिक विश्वास र असन्तुष्टीका उदाहरणहरू २३
४. प्रेरित २:३८ अनुसार विश्वासलाई बचाई राख्न सकिन्छ २४
(ङ) सु-समाचार आज्ञापालन :- २४
१. नयाँ नियमको शिक्षा २४
२. पुरानो नियमको ऐतिहासिक तथ्यहरू २६
(च) पश्चाताप :- २६
१. पश्चातापको आवश्यकता २६
२. पश्चातापको उदाहरणहरू २७
(छ) पानिको बप्तिष्मा :- २८
१. महत्व र आवश्यकता २८
२. विश्वासीहरुको लागि पश्चाताप २९
३. बप्तिष्मा विधि: पूर्ण पानिमा डुवाएर । ३०
४. बप्तिष्मा कार्य: येशूको नाउँमा । ३१
५. मति २८:१९ मा एक नाम ३२
(ज) पवित्र आत्माको बप्तिष्मा :- ३३
१. प्रतिज्ञा र आज्ञा ३३
२. पेन्टिकोषको दिनमा मण्डली पत्ता लागेको अनुभव ३४
३. आवश्यकता र महत्व ३५
४. अन्यभाषा बोल्ने प्रथम शुरुवात ३७
(इ) आत्माको आश्चर्यकर्म र वरदानहरू :- ३९
(क) हात राख्ने कामहरू ३९
१. विश्वास प्राप्त गर्न सांकेतिक स्थानान्तर ३९
२. संस्कार विधान सेवामा ४०
(ख) मण्डलीको लागि उपहार ४०
(ग) परमेश्वरीय चंगाई ४२
१. प्रतिज्ञा ४२
२. येशूमा विश्वासको महत्व ४४
(घ) प्रार्थनाको उत्तर आवश्यकताको पूर्ति ४५

(ई) इशाई र जीवन पबित्रता ४८
(क) पबित्र रहने सिद्धान्तहरू ४८
१. परिभाषा र साधारण सिद्धान्तहरू ४८
२. विश्वास मायाँ र आत्मा सम्वन्धि पदहरू ५०
३. ईशाई स्वतन्त्रता ५२
(ख) आत्मिक पवित्रता ५३
१. आत्मिक फल ५३
२. मायाँ ५५
३. आचण ५६
४. विचार ५८
(ग) बोली ५९
(घ) आँखा ६१
(ङ) गरगहना र बस्त्र ६२
१. साधारण सिद्धान्त ६२
२. असभ्य बस्त्र (लुगा) ६३
३. सिंगार र कपाल ६४
४ं गहना र खर्चालु लुगा ६४
५. महिला र पुरुष विच भिन्नता ६५
(च) कपाल ६५
(छं शरिरको कारिन्दा ६६
(ज) पवित्र विवाह ६८
१. विवाहका सम्बन्धमा ६८
२. विवाहविच्छेद र पुन विवाह ७०
३. अनैतिक सम्वन्ध ७१
४. विश्वास नभएकासँग विवाह सम्बन्ध ७२
(झ) मानव जीवनको पवित्रता ७३
१. झगडा, हत्या र झुटो दोष ७३
२. गर्भपात ७३
(ञ) संगीत र मण्डली न्याय ७५
(ट) महिमा, प्रशंसा र बाजा ७७
(ठ) व्यक्तिगत स्तुति प्रशंसा ७९

(ङ) वितिय कार्य (रुपैयाँ र पैसा) ८०
१. दशांस र भेटी ८०
२. रुपैयाँ पैसामा इमान्दारीता ८२
(उ) पुनरुत्थान, न्याय र अनन्त जीवन ८३
(क) येशू खीष्टको दोस्रो आगमन ८३
(ख) पुनरुत्थान र बाटो ८६
(ग) न्यायको दिन ८७
(घ) अनन्तको समय ८९
(१) सत्यता (२) असत्यता ८९

(नोटः *यो चिन्ह भएको पदहरू यस शिर्षक अन्र्तरगत बढी महत्वपूर्ण छन्)

# भुमिका

"धर्मशास्त्रमा खोजी"

(युहन्ना ५:३९)

"... किनभने यिनीहरूको पूरा उत्सुकतासाथ वचन ग्रहण गरे र ती कुराहरू ठीक त्यस्तै हुन् कि होइनन् भनी दिनहुँ धर्मशास्त्र छानबीन गर्थे ।"

(प्रेरित १७:११)

"पवित्र-धर्मशास्त्रसँग परिचित छौं, जसले खीष्ट येशूमा भएको विश्वासद्वारा मुक्तिको निम्ति तिमीलाई शिक्षा दिन सक्छ । सम्पूर्ण पवित्र शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालीं दिनलाई लाभदायक हुन्छ, ताकि परमेश्वरको जन हरेक सुकर्ममा पूर्ण रुपले सुसज्जित भई शिद्ध भएको होस् ।

(२तिमोथी ३:१५-१७)

बाइवल अध्ययन गर्न र परमेश्वरको वचनलाई गहिरिएर अध्ययन गर्न यसमा उल्लेख गरिएको पदहरूको संग्रहले तपाईंहरूलाई सहायता गर्ला भन्ने लागेको छ । वाइवलले मुक्ति र अनन्त जीवनको बाटो हामीलाई देखाउछ ।

यस पुस्तकले सबै बिषयलाई समेट्न नसके पनि धर्मशास्त्रको प्रमाणहरूलाई खोज्न, पढ्न सजिलो होस् भन्ने मनसायले यो पुस्तक तयार पारिएको हो ।

विषयं शिर्षकसँग सम्बन्धित पदहरूलाई ताराले ★ चिन्ह लगाइएको छ र बढी महत्वपूर्ण पदहरू जुन शिर्षकसँग सम्बन्धित छन् ती पदहरूलाई उल्लेख गरिएको छ र शिर्षकसँग सम्बन्धित कुराहरूको ज्ञानको लागि आवश्यक पदहरूलाई जानकारीको लागि राखेका छौं ।

हामीलाई आशा छ यसले अध्ययन, खोजमा सहयोग पुऱ्याउने नै छ ।

धन्यवाद ।

## प्रथम खण्ड

# परमेश्वर

“खीष्ट सम्वन्धी प्राथमिक सिद्धान्तहरूलाई छोडेर ...... परमेश्वर माथिको विश्वासका कुराको जग फेरी नवसालौं” (हिब्रु ६:१)

(क) एक परमेश्वर

“हे इस्रायल, सुन परमप्रभु हाम्रा परमेश्वर एउटै परमप्रभु हुनु हुन्छ। (व्यवस्था ६:४)

“हे सर्वशक्तिमान परमप्रभु, इंस्रायलका परमेश्वर, करुबहरूका बीचमा विराजमान हुनु हुने पृथ्वीका सारा राज्यहरूका तपाई मात्र परमेश्वर हुनुहुन्छ। स्वर्ग र पृथ्वी तपाईले नै सृष्टि गर्नु भएको हो।”

(यशैया ३७:१६)

“इस्रायलका महाराजा र उद्धारक र सर्वशक्तिमान परमप्रभु यसो भन्नुहुन्छ :, पहिलो र पछिल्लो म नै हुँ म बाहेक अरु कुनै परमेश्वर छैन .....के म बाहेक अरु परमेश्वर छ र ? म त्यस्तो कसैलाई चिन्दिनँ।........परमेश्वर यसो भन्नुहुन्छ -तेरा उद्धारक जसले तलाईं गर्भमा रच्नुभयो: म परमप्रभु हुँ जसले साराथोकलाई बनायो, जसले एक्लै आकाशलाई फैलायो, जसले आफै पृथ्वीलाई फिजायो।”

(यशैया४४:६,८,२४)

“म परमप्रभु हुँ, म बाहेक अरु कोही परमेश्वर छैन, म बाहेक अरु कोहि परमेश्वर छैन-ताकि सुर्योदयदेखि लिएर सुर्यास्तसम्म मानिसहरूले जानुन कि म बाहेक अरु कोहि छैन। म परमप्रभु हुँ र म बाहेक अरु कोहि छैन- किनकी परमप्रभु यसो भन्नुहुन्छ- उहाँ जसले आकाश सृष्टि गर्नुभयो उहाँ नै परमेश्वर हुनुहुन्छ, जसले पृथ्वीको रुप रच्नुभयो र बनाउनुभयो, र त्यो बसाल्नुभयो, उहाँले त्यो खाली हुनलाई सृष्टि गर्नुभएन तर उहाँले त्यो आवाद गर्नलाई बनाउनुभयो,- उहाँ भन्नुहुन्छ: “ म परमप्रभु हुँ म बाहेक अरु कोहि पनि छैन। म बाहेक अरु कोहि परमेश्वर छैन। धर्मि परमेश्वर र उद्धारक, म बाहेक अरु कोहि पनि छैन ....म तिर फर्क, र उद्धारपाओ, हे पृथ्वीका सबै पल्लो छेउका हो, किनकी म परमेश्वर हुँ र अरु कोहि छैन।”

(यशैया ४५:५-६,१८,२१,२२)

"तिमीहरू मलाई कोसँग तुलना गर्ने छौ, अथवा कसको बरावरी गन्नेछौ ? मलाई कोसित दाज्छौ र हामी तुलना गरिने छौं।......... म परमेश्वर हुँ र अरु कोहि छैन। म परमेश्वर हुँ म जस्तो अरु कोहि छैन।"

(यशैया ४६:५,९)

"मेरो महिमा म अरु कसैलाई दिने छैन .... म त्यहि हुँ। म आदि हुँ र म अन्त हुँ।"

(यशैया ४८:११,१२)

"येशूले जवाफ दिनुभयो, "सबैभन्दा मुख्यचाँहि यो हो : हे इस्रायल सुन, परमप्रभु हाम्रा परमेश्वर एउटै परमप्रभु हुनु हुन्छ।"

(मर्कूस १२ :२९)

"परमेश्वर एउटै हुनुहुन्छ।"

(गलाती ३:२०)

"किनकी परमेश्वर एउटै हुनुहुन्छ, परमेश्पर र मानिसहरूका विचमा मध्यस्थ पनि एउटै हुनुहुन्छ-मानिस ख्रीष्ट येशू।"

(१ तिमोथी २:५)

"तिमीहरू विश्वास गर्दछौ कि परमेश्वर एउटै हुनुहुन्छ। त्यो असल हो। भूतात्माहरू पनि विश्वास गर्छन र थर्रथर्र काम्छन्।"

(याकूब २:१९)

"........हेर, स्वर्गमा एउटा सिंहासन थियो, र एक जना त्यस सिंहासनमा विराजमान हुनुहुन्थ्यो।"

(प्रकास ४:२)

प्रस्थान २०:३-५
व्यवस्था ४:३५
व्यवस्था ५:७
व्यवस्था ३२:३९
२ शमूयल ७:२२
१ राजा ८:६०
१ इतिहास १७:२०

* यशैया ४२:८
* यशैया ४३:१०-११
* यशैया ४५:५-६, १४,१८, २१-२२
* होशे १३:४
* जकरिया १४:९
* मलाकी २:१०
युहन्ना ४:२२-२४

निह्म्याह ९:६
अयूब ९:८
भजन संग्रह ७१:२२
भजन संग्रह ८३:१८
भजन संग्रह ८६:१०
यशैया १:४, ५:१९
यशैया ४०:२५

युहन्ना १७:३
रोमी ३:३०
१ कोरिन्थी ८:४,६
*एफिसी ४:६
*१ तिमोथी ६:१५

(ख) परमेश्वर अदृष्य आत्मा हुनुहुन्छ :-

"परमेश्वरलाई कसैले कहिल्यै पनि देखेको छैन ।"

(युहन्ना १: १८)

"परमेश्वर आत्मा हुनुहुन्छ ।"

(युहन्ना ४:२४)

प्रस्थान ३३:२० मति १६:१७
लुका २४:३९
कलस्सी १:१५
१तिमोथी १:१७

१तिमोथी ६:१५-१६
हिब्रु ११:२७ हिब्रु १२:९
१ युहन्ना ४:१२
१तिमोथी ६:१५-१६

(ग) पिता, पुत्र र पवित्र आत्मा

(१) पिता:- परमेश्वर अभिभावकको रुपमा

"तिमीहरूलाई सृष्टि गर्ने र बनाउने उहाँ नै तिमीहरूका पिता, तिमीहरूका सृष्टिकर्ता हुनुहुन्छ र ?"

(व्यवस्था ३२:६)

"हे प्रभु हाम्रा पिता हुनुहुन्छ । तपाईंको नाउँ तादि देखि नै हाम्रा उद्धारक हो ।"

(यशैया ६३:२६)

"हामी सबैको एउटै पिता हुनुहुन्न र ? के एउटै परमेश्वरले हामीलाई सृष्टि गर्नु भएको होइन र ?"

(मलाकी २:१०)

भजन संग्रह ९:२६

गलती १:१-४

यशैया ६४:८ एफिसी ४:६
यर्मिया ३१:९ हिब्रु १२:९
रोमी ८:१४-१६

(२) परमेश्वरको पुत्र (मानव जाति)

"स्वर्गदुतले तिनलाई जवाफ दिएर भने, पवित्र आत्मा तिमीमा आउनुहुनेछ, र सर्वोच्चका शक्तिको छाँया तिमीमाथी पर्ने छ। यसकारण जो जन्मनुहुनेछ, उहाँ पवित्र अर्थात् परमेश्वरको पुत्र कहलाइनु हुनेछ।"

(लुका १:३५)

"उहाँको मृत्युद्धारा परमेश्वरसँग हाम्रो मिलाप भएको थियो।"

(रोमी ५:१०)

"तर समयको पूर्णतामा परमेश्वरले आफ्नो पुत्रलाई पठाउनुभयो उहाँ एउटी स्त्रीबाट जन्मनु भयो तथा ब्यवस्थाको अधीनमा जन्मनुभयो।"

(गलाती ४:४)

"परमेश्वर आखिरी दिनहरुमा उहाँ आफ्ना पुत्रद्धारा हामी सँग बोल्नु भएको छ .....उहाँ नै परमेश्वरका महिमाको प्रतिबिम्ब र परमेश्वरकै स्वभावको बास्तविक प्रतिरुप हुनुहुन्छ।"

(हिब्रु १:१-३)

"तिमी मेरा पुत्र हौ, मैले नै आज तिमीलाई जन्माएको छु ....... म तिनका पिता हुनेछु र तिनी मेरा पुत्र हुनेछन्।"

(हिब्रु १:५)

---

भजन संग्रह २:७
यशैया ७:१४
यशैया ९:६
मति १:१८-२३
मर्कूश १३:२२
युहन्ना ५:१७-१९
युहन्ना ८: ४२
युहन्ना १४:१०,११,२८
प्रेरित १३:३३
१ कोरिन्थी १५:२३-२८
कलस्सी १: १३-१५
हिब्रु १:१-९
हिब्रु ७:२८

३. पवित्र आत्मा-परमेश्वर आत्मामा सक्रिय :-

"र परमेश्वरको आत्मा पानीमाथि परिभ्रमण गर्दैरहनु हुन्थ्यो ।"

(उत्पत्ति १:२)

"पबित्र आत्मा सँग झुट बोल्ने.....कुरा शैतानले कसरी तिम्रो मनमा भरिदियो ? ..... तिमीले मानिसहरूलाई त होइन, तर परमेश्वरलाई नै ढाँटेको छौ । .......तिमीहरूले प्रभुका आत्माको परिक्षा गर्न कसरी मिलेमतो गऱ्यो ?"

(प्रेरित ५:३,४,९)

"शरीर एउटै छ र पबित्र आत्मा एउटै हुनु हुन्छ .....हामी सबैको एउटै परमेश्वर र पिता, जो सबै माथि, सबैका मध्य र सबैमा हुनुहुन्छ ।"

(एफीसी ४:४, ६)

| | |
|---|---|
| लेवी ११:४४ | १ कोरिन्थी १२:११ |
| युहन्ना ४:२४ | १ पत्रशु १:१६ |
| १ कोरिन्थी ३:१६, ६:१९ | २ पत्रशु १:२१ |

४.पिता नै पबित्र आत्मा हुनुहुन्छ ।

"मरियम पवित्र आत्माद्वारा गर्भवती भएको थाहा भयो .....किनभने जो तिनको गर्भमा हुनुहुन्छ, उहाँ पवित्र आत्माबाट हुनुहुन्छ ।"

(मति १:१८,२०)

"किनभने बोल्ने तिमीहरू आफै हुने छैनौ, तर तिमीहरूका पिताका आत्मा तिमीहरूद्वारा बोल्नु हुनेछ ।"

(मति १०:२०)

उत्पत्ती १:२, यशैया ४०:१३, योएल २:२७,२८ मति १०:२० र मर्कूश १३:११, युहन्ना १४:१७, युहन्ना १४:२३,२६ २ कोरिन्थी १:३-४, १कोरिन्थी ३:१६-१७,६:१९, एफिसी १:१७-२०र रोमी ८:११ १तिमोथी ६:१३ र रोमी ८:११, २ तिमोगी ३:१६ र २ पत्रशु १:२१, १ पत्रशु १:२१ र यहुदा १, लुका १:३५ रोमी ८:१५-१६, एफिसी ३:१४-१६

## (घ) येशू ख्रीष्टको स्वरुप

१. येशू परमेश्वर हुनुहुन्छ ( अवतारको रुपमा )

"किनभने हाम्रा निम्ति एउटा बालकको जन्म भएको छ । हाम्रा निम्ति एउटा छोरा दिइएको छ । शासन उहाँको काधँमा हुने छ । उहाँ अचम्मको सल्लाहाकार, शक्तिशाली परमेश्वर, अनन्तका पिता शक्तिका राजकुमार कहलाइनु हुनेछ ।"

(यशैया ९:६)

"हेर तिमीहरुका परमेश्वर"

(यशैया ४०:९)

"आदिमा बचन हुनुहुन्थ्यो, बचन परमेश्वर सँग हुनुहुन्थ्यो अनि बचन परमेश्वर हुनुहुन्थ्यो । अनि बचन देहधारी हुनुभयो ।"

(युहन्ना १:१,१४)

"मेरो प्रभु र मेरो परमेश्वर "

(युहन्ना २०:२८)

"ख्रीष्टमा हुनुभएर परमेश्वरले संसारलाई आफुसँग मिलापमा ल्याउदै हुनुहुन्थ्यो ।"

(२ कोरिन्थी ५:१९)

"उहाँ अदृष्य परमेश्वरको प्रतिरुप सारा सृष्टिका जेष्ठ हुनुहुन्छ ।"

(कलस्सी १:१५)

"किनकी ख्रीष्टमा इश्वरत्वको सारा परिपूर्णता शरिरमा बास गर्दछ र उहाँमा नै जीवनको परिपूर्णतामा तिमीहरू आइपुगेको छौ । उहाँ समस्त शासक र अधिकारको शिर हुनुहुन्छ ।"

(कलस्सी २:९-१०)

"उहाँ स्वयम शरिरमा प्रकट हुनुभयो ।"

(तिमोथी ३:१६)

"हाम्रा महान परमेश्वर र मुक्तिदाता येशू ख्रीष्ट ।"

(तितस २:१३)

---

यशैया ७:१४
यशैया ११:१,१०
कलस्सी १:१९
कलस्सी २:२

| | |
|---|---|
| यशैया ४०:३ | २ थेसलोनिकी १:१२ |
| * मलाकी ५:२ | १ तिमोथी ५:२१ |
| जकरीया १२:८ | २ तिमोथी ४:१ |
| मति १:२३ | २ पत्रुश १:१ |
| मति २६:६३-६५ | * हिब्रु १:१-३ |
| * युहन्ना १:१-१८ | हिब्रु ३:५-६ |
| युहन्ना ५:१८ | * १ युहन्ना ५:२० |
| युहन्ना १०:३३ | युहुदा ४,२५ |
| प्रेरित २०:२८ | * प्रकाश १:७-१८ |
| रोमी ९:५ | * प्रकास, ४:१-११ |
| २कोरिन्थी ४:४ | * प्रकास २२:३-४ |
| एफिसी ५:५ | |

प्रस्थान २०: १-५र लुका २४:५२, व्यवस्था ३३:२७ र प्रकास १:८, १८, भजन संग्रह १३९:१-६ र युहन्ना २१:१७, भजन संग्रह १३९:७-१३ र मति १८:२०,२८:२० यशैया ३५:३-६ र मति ११:२-६, यशैया ४०:३ र मति ३:३ *यशैया ४३:२५ र मर्कूश २:५-१२, उपदेशक १२:७ र प्रेरित ७:५९, मलाकी ३:६र हिब्रु १३:८, हिब्रु ११:१० र युहन्ना १४:३, १ युहन्ना १:५ र युहन्ना १:४-९, एफिसी २:४ र ५:२५ प्रकास १९:६ र कलस्सी १:१६-१८.

## २. शुरु देखि नै उहाँको मानवीय जीवन:-

"तर पनि तँ बाट मेरो निम्ति एक जना निस्कनु हुनेछ जो इस्राएलका शासक हुनुहुनेछ, जसको शुरु पुरानो समयदेखी अर्थात प्राचीनकाल देखि नै छ।"

(मिका ५:२)

"हेर एउटा कन्याले गर्भधारण गर्ने छे र त्यसले एउटा पुत्र जन्माउने छे र उहाँको नाउँ इम्यानुएल राखिनेछ, जसको अर्थ हो परमेश्वर हामीसँग।"

(मति १:२३)

यशैया ७:१४, यशैया ९:६, मति २:११, लुका १:३५, लुका २:२६, लुका २:३८, हिब्रु १:६

३. येशूको परमेश्वरीय स्वरुप पिता हुनुहुन्छ ।

"किनभने हाम्रा निम्ति एउटा बालकको जन्म भएको छ ........... उहाँ अचम्मका सल्लाहाकार, शक्तिशाली परमेश्वर, अनन्तको पिता, शान्तिका राजकुमार कहलाइनु हुनेछ ।"

(यशैया ९:६)

"पिता र म एकै हौ ।"

(युहन्ना १०:३०)

"फिलिपले उहाँलाई भने, हे प्रभु हामीलाई पिता देखाईदिनुहोस् । त्यति भए हामीलाई पुग्छ । येशूले तिनीहरूलाई भन्नुभयो, फिलिप यतिको समयसम्म म तिमीहरूसँग छु, तैपनि तिमीले मलाई चिन्दैनौ ? जसले मलाई देखेको छ, त्यसले पितालाई पनि देखेको छ । तिमी कसरी भन्न सक्छौ, हामीलाई पिता देखाइदिनुहोस् ? म पितामा छु र पिता ममा हुनुहुन्छ भनेर के तिमी विश्वास गर्दैनौ ? जुन बाणी म तिमीलाई भन्दछु त्यो मैले मेरो आफ्नै अधिकारमा बोलेको होइन तर ममा बास गर्नु हुने पिताले आफ्नो काम गर्नु हुन्छ । मलाई विश्वास गर कि म पितामा छु र पिता ममा हुनुहुन्छ नत्र भने यी कामहरूकै खातिर विश्वास गर ।"

(युहन्ना १४:८-११)

"उहाँले मलाई भन्नुभयो, अव ...........म अल्फा र ओमेगा हुँ आदी र अन्त्य म नै हु । तिर्खाउनेहरूलाई जीवनका पानीको फोहराबाट म सित्तैमा दिनेछु । जसले विजय प्राप्त गर्छ त्यसले यो उत्तराधिकार पाउनेछ र म त्यसका परमेश्वर हुनेछु र त्यो चाँहीं मेरो छोरा हुने छ ।"

(प्रकास २१:७-८)

---

युहन्ना ८:१९-२७, युहन्ना १०:३८, युहन्ना १२:४५, युहन्ना २:१९-२१ र प्रेरित २:२४ युहन्ना ६:४० र १कोरिन्थी ६:१४, युहन्ना ६:४४ र युहन्ना १२:३२, युहन्ना १४:१४ र युहन्ना १६:२३ युहन्ना १६:७ र युहन्ना १४:२६, एफिसी ५:२६ र युहुदा १, युहन्ना १४:१८, कलस्सी २:९, १ युहन्ना ३:१-५

४. येशू ख्रीष्टको परमेश्वरीय स्वरुप पवित्र आत्मा हुनुहुन्छ ।

"र म पितासँग विन्ति गर्नेछु र उहाँले हामीलाई अर्को सल्लाहाकार

दिनुहुनेछ र उहाँ तिमीहरूसँग सदा सर्वदा रहनु हुनेछ। यिनी सत्यका आत्मा हुनुहुन्छ, जसलाई संसारले ग्रहण गर्न सक्दैन, किनभने संसारले उहाँलाई नत देख्छ न चिन्छ। तिमीहरू उहाँलाई चिन्छौ, किनभने उहाँ तिमीहरूसँग बास गर्नुहुन्छ र उहाँ तिमीहरूमा रहनु हुनेछ र म तिमीहरूलाई टुहुरा छोड्ने छैन । म तिमीहरू कहाँ आउनेछु ।"

(युहन्ना १४:१६-१८)

"अव प्रभु आत्मा हुनुहुन्छ, अनि जहाँ प्रभुका आत्मा हुनुहुन्छ, त्यहाँ स्वतन्त्रता हुन्छ।"

(२ कोरिन्थी ३:१७)

---

युहन्ना १६:७, प्रेरित १६:६-७, गलाती ४:६, एफिसी ३:१६-१७, फिलिपी १:१९ मति २८:२० र युहुन्ना १४:१६, लुका २१:१५ र मर्कूश १३:११ *युहन्ना २:१९-२१ र रोमी ८:९ युहन्ना ६:४० र रोमी ८:११, एफिसी ५:२६, २१पत्रुश १:२, कलस्सी १:२७ र प्ररित २:४,३८ हिब्रु ७:२५ र रोमी ८:२६, १पत्रुश १:१०-११, र २ पत्रशु १:२१, १युहन्ना २:१ र युहन्ना १४:२६

## ५. येशू यहोवा हुनुहुन्छ

"हेर यस्ता दिन आउँदैछन जव म दाउदको वंशबाट एउटा धार्मिक हाँगा खडा गर्नेछु, एउटा राजा जसले बुद्धिसित राज गर्नेछन् र जे उचित र ठीक छ त्यहि तिनले देशमा गर्नेछन्। तिनको समयमा यहुदा बचाइनेछ र इस्राएल सुरक्षित साथ रहने छ। जुन नाउले तिनी कहलाइने छन् त्यो त्यहि हो, परमप्रभु हाम्रा धार्मिकता ।"

(यर्मिया २३:५-६)

"परमप्रभु मेरा परमेश्वर यसो भन्नुहुन्छ .........तिमीहरूलाई असल लागे मलाई ज्याला देओ। होइन भने राख। यसैले तिनीहरूले मलाई चाँदीका तीस टुक्रा दिए।"

(जकरीया ११:४,१२)

यशैया ४०:१०,५२:६,५३:१-२, ५९:१६, यर्मिया ३३:१५-१६, जकरीया १४:३-५ मलाकी ३:१, प्रकाश २२:६,१६, उत्पत्ति १७:१र प्रकाश १:८,१८, प्रस्थान ३:१४र युहन्ना ८:५६-५९, ब्यवस्था १५:२६ र याकुव ५:१४-१५,

प्रस्थान ३१:१३ र एफिसी ५:२६, प्रस्थान ३४:१४ र लुका २४:५२, न्यायकर्ता ६:२४ र युहन्ना १४:२७, १ शमूयल १:३ र याकुब ५:४-७, भजन संग्रह ७:१७ र लुका १:७६,७८, भजन संग्रह १८:२ र कोरिन्थी १०:४, भजन संग्रह १८:२ र लुका १:६९, भजन संग्रह २३:१ र युहन्ना १०:११, भजन संग्रह २४:७-१० र १ कोरिन्थी २:८, भजन संग्रह २७:१ र युहन्ना ८:१२ भजन संग्रह २७:१ र प्रेरित ४:१०-१२, भजन संग्रह ३८:१८ र एफिसी ४:७-१०, भजन संग्रह १३६:३ र प्रकास १९:१६ यशैया १२:६ र प्रेरित २:२७, यशैया ३३:२२ र हिब्रु ९:१४-१७, *यशैया ४०:३ र मति ३:३ यशैया ३३:२२ र प्रेरित १०:४२, यशैया ४०:५ र कोरिन्थी २:८ र यशैया ४२:८, ४८:११) यशैया ४१:४ र प्रकाश १:८,१८, यशैया ४३:११र तितस २:१३, यशैया ४४:३ र युहन्ना ७:३८-३९ यशैया ४४:६ र युहन्ना १:४९ यशैया ४४:२४ र युहन्ना १:३, यशैया ४५:२१ र प्रेरित ७:५२ यशैया ४५:२३ र फिलिप्पी २:१०, यशैया ५४:५ र गलाती ३:१३

## (ङ) येशूको नाम (यहोवा मुक्तिदाता)

### १. नयाँ नियममा परमेश्वरको सर्वोकृष्ट चमत्कार (दर्शन)

"त्यसकारण मेरो प्रजाले मेरो नाउँ जान्नेछ। तिनीहरूले त्यो दिन जान्नेछन् कि अघिदेखी भन्ने मै हु। हो त्यो म नै हुँ।"

(यशैया ५२:६)

"परमप्रभु समस्त पृथ्वीका राजा हुनुहुनेछ। त्यस दिन एकमात्र परमप्रभु हुनुहुनेछ र उहाँकै नाउ मात्र हुनेछ।"

(जकरिया १४:९)

"तिमीहरूले मेरो नाउँमा जेसुकै मागे तापनि पुत्रमा पिताको महिमा होस् भनेर म त्यो गर्नेछु। तिमीहरूले मेरो नाउँमा कुनै थोक माग्यौ भने म गरिदिनेछु।"

(युहन्ना १४:१३-१४)

"नासरका येशूको नाउँमा हिड .....उहाँकै नाउँले तिमीहरूले देखेका जानेका त्यस मानिसलाई बलियो तुल्यायो।"

(प्रेरित ३:६,१६)

नाउँ प्रदान गर्नुभयो, जो हरेक नाउँ भन्दा उच्च छ कि स्वर्गमा, पृथ्वीमाथि र पृथ्वीमुनि भएको हरेक प्राणीले येशूको नाउँमा घुडाँ टेक्नुपर्दछ र हरेक जिब्रोले परमेश्वर पिताको महिमाको लागि येशू खीष्टलाई प्रभु भनि स्वीकार गर्नु पर्दछ।"

(फिलिप्पी २:९-११)

"कुरा वा काममा जे-जे गर्छौं, सबै कुरा उहाँद्धारा नै परमेश्वर पितालाई धन्यबाद चढाउदै प्रभु येशूको नाउँमा गर।"

(कलस्सी ३:१७)

---

| | |
|---|---|
| मति १०:२२,१८:२० | प्रेरित ५:२८,४१, ९:२१,१५:२६ |
| मर्कूश १६:१७-१८ | * प्रेरित १६:१८, १९:१३-१७ |
| युहन्ना ५:४३, १४:२६, १७:६,२६ | एफिसी ३:१४-१५ |
| * प्रेरित ४:७-१२ | हिब्रु १:४ |
| * प्रेरित ४:१७-१८,३० | हिब्रु २:१२ |
| याकुब ५:१४ | |

२. बचाउने नाउँ :-

"तिनले एउटा पुत्र जन्माउनेछिन र तिमीले उहाँको नाउँ येशू राख्ने छौ। किनभने उहाँले आफ्ना मानिसहरूलाई तिनीहरूका पापबाट बचाउनु हुनेछ।"

(मती १:२१)

"अरु कसैमा मुक्ति छैन किनकी हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरूमा अर्को कुनै नाउँ दिइएको छ।"

(प्रेरित ४:१२)

"सबै अगमबक्ताहरूले उहाँको गवाहि दिएका छन कि उहाँमाथि विश्वास गर्ने प्रत्येकले उहाँको नाउँद्धारा पाप-क्षमा पाउँछ।"

(प्रेरित १०:४३)

| | |
|---|---|
| लुका २४:४७ | प्रेरित २२:१६ |
| प्रेरित २:२१ | रोमी १०:१३ |
| प्रेरित ३:१६, १५:१४-१७ | १ युहन्ना २:१२ |

# दोस्रो खण्ड

## मुक्ति

मृत्युतिर लैजाने कर्महरूबाट पश्चाताप र परमेश्वर माथिको विश्वासका कुराको जग फेरि नबसालौं, विभिन्न बप्तिष्मा सम्वन्धी सिद्धान्तहरु........ (हिब्रु ६:१-२)

### (क) मुक्तिको लागि सर्वव्यापी चाहना (आवश्यकता) :-

"उसो भए के हामी यहुदीहरू अझ असल छौं त ? अवश्य छैनौं, किनकी सबै मानिस यहुदी र अन्य जातिहरू दुवै पापको बशमा छन् भनी मैले दोष लगाइसकेको छु। यस्तो लेखिएको छ, धर्मि कोहि छैन एकजना पनि छैन, बुझ्ने कोहि पनि छैन, परमेश्वरलाई खोज्ने कोहि छैन ति सबै बरालिएका छन्, तिनीहरू एक साथ बेकम्मा भएका छन् कसैले असल गर्दैनन्। असल गर्ने एक जना पनि छैन।"

(रोमी ३:९-१२)

"किनकी सबैले पाप गरेका छन् र परमेश्वरको महिमा सम्म पुग्नबाट चुकेकाछन्।"

(रोमी ३:२३)

"एउटा मानिसद्धारा संसारमा पाप आयो र पापबाट मृत्यु.......किनकी जसरी एउटै मानिसको अनाज्ञाकारिकताले धैरै जना पापी बनाइए, त्यसै गरि एकै जनाको आज्ञाकारिताद्धारा धैरै जना धार्मिक बनाइनेछन्।"

(रोमी ५:१२,१९)

"पापको ज्याला मृत्यु हो।"

(रोमी ६:२३)

१ राजा ८:४६
२इतिहास ६:३०
भजन संग्रह १४:१-३, ५३:१-३, १३०:३
हितोपदेश २०:९
उपदेशक ७:२०
यर्मिया १७:९
रोमी २:१२-१६
रोमी ३:१९
गलाती ३:२२
एफिसी २:१-३

यशैया ५३:६, ६४:६ याकुब १:१५

१यूहन्ना १:-१०, ५:१९

(ख) येशू ख्रीष्टको (सामिप्य) मिलापमा काम :-

"तर उ त हाम्रा अपराधहरूका निम्ति छेडियो। हाम्रा अधर्मका निम्ति उ पेलियो, हामीमा शान्ति ल्याउने दण्ड उ माथि पऱ्यो र उसको कोर्राको चोटले हामी निको भयौं। हामी सबै भेडा झैं बरालिएका छौ।.......परमप्रभुले उसमाथि हामी सबैको अधर्म हालिदिनु भएको छ।"

(यशैया ५३:५-६)

(मति २६:२८)

"हेर संसारको पाप उठाई लैजाने परमेश्वरका थुमा"

(युहन्ना १:२९)

"परमेश्वरका अनुग्रहको बरदानले ख्रीष्ट येशूमा भएको उद्धारबाट तिनीहरू सित्तैमा धर्मि ठहरिएका छन्। परमेश्वरले ख्रीष्टलाई उहाँको रगतद्धारा प्रायश्चितको बलिदान स्वरुप गर्नुभयो।"

(रोमी ३:२४,२५)

"परमेश्वरले हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनु हुन्छ, किनकी हामी छदैं उहाँ हाम्रो निम्ति मर्नु भयो। यसकारण उहाँको रगतद्धारा धर्मि ठहरिएका हुनाले अझ बढी हामी परमेश्वरको क्रोधबाट उहाँद्धारा बचाइने छौं। किनकी हामी शत्रु छदै उहाँका पुत्रको मृत्युद्धारा परमेश्वरसँग हाम्रो मिलाप भएको थियो भने अझ बढी अब उहाँसँग मिलाप भएका हुनाले ख्रीष्टद्धारा परमेश्परमा हामी रमाउँदै पनि छौ, उहाँद्धारा अब हामीलाई परमेश्वरसँग मिलाप प्राप्त भएको छ।"

(रोमी ५:८-११)

"किनकी परमेश्वर एउटै हुनुहुन्छ परमेश्वर र मानिसहरू विचमा मध्यस्त पनि एउटै हुनुहुन्छ, मानिस ख्रीष्ट येशू उहाँले सबैका छुट्कारको

मोलको निम्ति आफैलाई सुम्पिदिनुभयो।"

(१ तिमोथी २:५-६)

"परमेश्वरको अनुग्रहद्धारा हरेक मानिसको निम्ति उहाँले मृत्युको स्वाद चाखुन"

(हिब्रु २:९)

| | |
|---|---|
| प्रस्थान १२:१३ | * एफिसी २:१३-१९ |
| लेवी २५:२५,४७-४९ | एफिसी ५:२५-२७ |
| मति २०:२८ | * कलस्सी १:१९-२२ |
| युहन्ना ८:२४ | * कलस्सी २:१३-१५ |
| युहन्ना १४:६ | * हिब्रु ९:२२,२८ |
| रोमी ४:२४-२५ | * हिब्रु १०:४ |
| रोमी ५:१५-२१ | * हिब्रु १०:१०-२० |
| १कोरिन्थी ५:७ | १ पत्रुश १:१८-२० |
| * १ कोरिन्थी १५:१-४ | १ पत्रुश २:४ |
| * २ कोरिन्थी ५:१४-२१ | १ युहन्ना २:२ |
| गलाती ३:१३-१४ | प्रकास ५:८-१० |

(ग) अनुग्रहद्धारा मुक्ति :-

"परमेश्वरको अनुग्रहको बरदानले खीष्ट येशूमा भएको उद्धारबाट तिनीहरू सित्तैमा धर्मि ठहरिएका छन्।"

(रोमी ३:२४)

"अनुग्रहबाट विश्वासद्धारा तिमीहरूले उद्धार पाएका छौ र यो तिमीहरूबाट आफै होइन, यो त परमेश्वरको बरदान हो-हामी असलकामका निम्ति खीष्ट येशूमा सृजना गरिएका उहाँका हातका सिप हौं। हामी ति बमोजिम हिडौं भन्ने हेतुले परमेश्वरले पहिलेबाटै ति तयार गर्नु भएको थियो।"

(एफिसी २:८-१०)

"किनकी तिमीहरूलाई उहाँको असल अभिप्राय अनुसार इच्छा गर्ने र काम गर्ने दुवै तुल्याउनलाई परमेश्वर तिमीहरूमा काम गर्नुहुन्छ।"

(फिलिप्पी २:१३)

"मानिसको मुक्तिको निम्ति अनुग्रह प्रकट भएको छ जसले हामीलाई भक्तिहिनता र संसारिक तृष्णाहरू त्याग्न र संसारमा संयमी, सोझो र भक्त भएर जीवनयापन गर्न तालिम दिन्छ।"

(तितस २:११-१२)

| | |
|---|---|
| उत्पत्ति ६:८ | * २ कोरिन्थी १२:९ |
| भजन संग्रह ८४:११ | गलाती ५:४ |
| प्रेरित १५:७-११ | * एफिसी २:४-१० |
| रोमी ४:४,१६ | * तितस ३:४-७ |
| रोमी ५:२० | हिब्रु ४:१६ |
| * रोमी ६:१२,१५?२३ | हिब्रु १२:१५ |
| रोमी ८:३२ | * याकुब १:१७ |
| १ कोरिन्थी १०:१३ | याकुब ४:६ |
| १ कोरिन्थी १५:१० | १ पत्रुश ५:५,१० |
| २ कोरिन्थी ९:८-९ | |

## (घ) विश्वासद्वारा मुक्ति :-

### १. विश्वास केबल येशु ख्रीष्टमा मात्र

"किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो कि उहाँले आफ्ना पुत्र दिनुभयो, बाँकी उहाँ माथि विश्वास गर्ने कोहि पनि नास नहोस्, तर त्यसले अनन्त जीवन पाओस्।"

(युहन्ना ३:१६)

"म उही हुँ भनेर तिमीहरूले विश्वास गरेनौ भने आफ्ना पापमा मर्नेछौ।"

(युहन्ना ८:२४)

"तर यी लेखिएका छन् कि तिमीहरुले येशू परमेश्वरका पुत्र, ख्रीष्ट हुनुहुन्छ भनी विश्वास गर र विश्वासद्वारा उहाँको नाउँमा तिमीहरूलाई जीवन प्राप्त होस्।"

(युहन्ना २०:३१)

"प्रभु येशू ख्रीष्टमा विश्वास गर्नुहोस् र तपाईंले उद्धार पाउनुहुनेछ।"

(प्रेरित १६:३१)

"सु-समाचार सँग म शर्माउदिन, किनभने विश्वास गर्ने प्रत्येकका मुक्तिको निम्ति यो परमेश्वरको शक्ति हो, यो सबैको लागि हो ।-... किनकी सु-समाचारमा परमेश्वरबाट आउने धार्मिकता प्रकट भएकोले विश्वासद्धारा नै आँउछ । यस्तो लेखिएको छ, धर्मचाँहि विश्वासद्धारा नै जिउने छ ।"

(रोमी १:१६-१७)

"र पनि हामी जान्दछौं, व्यवस्थाका कामद्धारा मानिस धर्मि ठहरिदैन, तर येशू ख्रिष्टमाथिको विश्वासद्धारा धर्मि ठहरिन्छ । यसकारण हामीले पनि हाम्रो विश्वास येशू ख्रीष्टमा राख्यौं ताकि हामी व्यवस्थाका कामद्धारा होइन तर ख्रीष्टमा राखिएको विश्वासद्धारा धर्मि ठहरिन सिकौं, किनकी व्यवस्थाका कामद्धारा कोहि पनि धर्मी ठहरिदैन ।"

(गलाती २:१६)

"किनकी अनुग्रहबाट विश्वासद्धारा तिमीहरूले उद्धार पाएका छौ ।"

(एफिसी २:८)

"विश्वास विना परमेश्वरलाई प्रसन्न पार्नु असम्भव छ, किनकी जो परमेश्वरको नजीक आउँछ, त्यसले परमेश्वर हुनुहुन्छ र उहाँलाई खोज्नेहरूलाई उहाँले प्रतिफल दिनुहुन्छ भन्ने पक्का विश्वास गर्नुपर्छ ।"

(हिब्रु ११:६)

हबकुक २:४
युहन्ना ३:१७-१८
युहन्ना ३:३६
युहन्ना १४:६
युहन्ना १३:३८-३९
प्रेरित १५:७-११
* रोमी ३:२१-३१
यहुन्ना १:१२, १४:६
रोमी ४:१-२५
रोमी १०:८-११
गलाती २:२०
गलाती ३:१-११
गलाती ३:२२-२५
हिब्रु १०:३८
१ युहन्ना ५:१-१३

<u>२. विश्वासलाई बचाई राख्न आज्ञाकारी पनि हुनुपर्छ :-</u>

"पुजारीमध्ये धेरै जनाले विश्वासलाई ग्रहण गरे ।"

(प्रेरित ६:७)

"उहाँका नाउँको खातिर विश्वासमा आउने आज्ञापालन सबै जातीहरूका बीचमा ल्याउनलाई हामीले उहाँद्धारा अनुग्रह र प्रेरितको काम पाएका छौं।"
(रोमी १:५)

"जो एकपटक पापका कमारा थियो अब जुन शिक्षाको नमुनामा तिमीहरूलाई सुम्पिएको थियो, त्यो हृदयले पालन गर्ने भएका छौ ।"
(रोमी ६:१७)

"तर तिनीहरू सबैले सुसमाचार पालना गरेका छैनन्, किनकी यशैया भन्छन्, हे प्रभु हामीबाट सुनेको कुरा कस्ले विश्वास गरेको छ ?"
(रोमी १०:१६)

"सबै मानिसले विश्वास गरुन र आज्ञा पालन गरुन ।"
(रोमी १६:२६)

"परमेश्वरलाई नमान्नेहरूलाई र हाम्रा प्रभु येशूको सु-समाचार नमान्नेहरूलाई उहाँले दण्ड दिनुहुन्छ ।"
(२ थेसलोनिकी १:८)

"सिद्ध तुल्याएर उहाँको आज्ञापालन गर्नेहरू सबैका निम्ति उहाँ अनन्त मुक्तिको स्रोत बन्नुभयो ।"
(हिब्रु ५:६)

मति ७:२१
* युहन्ना ८:३०-३२
युहन्ना १४:१५,२३
प्रेरित ५:३२
रोमी १५:१८
* २ थेसलोनिकी १:७-१० रोमी ४:३
हिब्रु ११:७-१०
लुका ६:४६
* हिब्रु ११:२८
* याकुब १:२२-२५
* १पत्रुस १:२१-२३, ४:१७
* १युहन्ना २:३-७,५:१-८
उत्पत्ति १५:६,२२:१६-१८,२६:५
रोमी १०:६-१०
व्यवस्था ३०:१०-१४

३. अपर्याप्त मानशक्ति असन्तुष्टिका उदाहरणहरू

"तव उहाँले गर्नु भएका चिन्हहरू देखेर धेरैले उहाँको नाउँमा विश्वास गरे। तर येशूले आफैलाई तिनीहरूको भरमा छोड्नु भएन .....किनकी

मानिसको हृदयमा के हुन्छ, सो उहाँ स्वंयम जान्नु हुन्थ्यो ।"

(युहन्ना २:२३-२५)

"तर पनि शासकहरू मध्य धेरैले उहाँमाथि विश्वास गरे तर फरिसीको डरले गर्दा र तिनीहरूले सभा घरबाट निकालिदिन्छन भन्ने डरले त्यो स्वीकार गरेनन् किनभने परमेश्वरको प्रशंसा भन्दा मानिसको प्रशंसा तिनीहरू बढी रुचाउँथे ।"

(युहन्ना १२:४२-४३)

"तिमीहरू विश्वास गर्छौ कि परमेश्वर एउटै हुनुहुन्छ। यो असल हो। भूतात्माहरू पनि विश्वास गर्छन् र थर्थर्र काप्दछन् ।"

(याकुब २:१९)

| | |
|---|---|
| मति ७ :१३-२७ | लुका १३:२३-३० |
| मति ८:२९ | * प्ररित ८:१२-२३ |
| लुका ८:११-१५ | याकुव २:१४-२६ |

४.प्रेरित २:३८ अनुसार हामी विश्वासलाई बचाई राख्न सक्छौं ।

"पश्चाताप गर र सु-समाचारमा विश्वार गर ।"

(मर्कूश १:१५)

"विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउने छ ।"

(मर्कूश १६:१६)

"जसले म माथि विश्वास गर्दछ, धर्मशास्त्रले भनेअनुसार त्यसको अन्तस्करणबाट जिउँदो पानीका खोलाहरू वगि निस्कने छन् ।" तर यो कुरो उहाँले पवित्र आत्माको विषयमा भन्नु भएको थियो, जुन पवित्र आत्मा उहाँ माथि विश्वास गर्नेहरूले प्राप्त गर्न लागेका थिए। किनकी पवित्र आत्मा अहिले सम्म दिइएको थिएनन् किन भने येशूको महिमा अझसम्म भएको थिएन ।"

(युहन्ना ७:३८-३९)

"शुरुका दिनमा हामी माथि जस्तै तिनीहरूमा पवित्र आत्मा आउनुभयो ..........परमेश्वरले हामीलाई प्रवित्र आत्माको उपहार दिए जस्तै

उनीहरूलाई पनि दिनुभयो। येशू खीष्ट माथि विश्वास राख्छ उनीहरूले त्यो उपहार प्राप्त गर्ने छन्।"

(प्रेरित ११:१५,१७)

"जव तिमीहरूले विश्वास गऱ्यौ के तिमीहरूले पवित्र आत्मा पायौ त? तव तिमीहरूले कस्तो बप्तिस्मा लियौ ?"

(प्रेरित १९:२-३)

"उहाँले हामीलाई मोल तिरेर छुट्याउनुभयो, ताकी अब्राहम्लाई दिइएको आशिष खीष्ट येशूद्धारा अन्य जातिहरूमा आओस र हामी विश्वासद्धारा प्रतिज्ञाका पवित्र आत्मा प्राप्त गर्न सकौ।"

(गलाती ३:१४)

"तिमीहरू जसले सत्यको वचन, अर्थात् आफ्नो मुक्तिको सु-समाचार सुन्यौ र उहाँमा विश्वास गऱ्यौ, उहाँमा नै तिमीहरूलाई प्रतिज्ञा गरिएका पवित्र आत्माको छाप लगाइएको थियो।"

(एफिसी १:१३)

लुका १३:३
प्रेरित २:४१
प्रेरित ८:१२
प्रेरित ८:२६-३९
प्रेरित १६:३०-३४
प्रेरित १८:८
प्रेरित १९:१-६
गलाती ३:२
१ युहन्ना ५:-१०

रोमी १०:८-१३ सँग लुका ६:४६, प्रेरित २:४, २१, २२:१६, रोमी ८:९-११ र १ कोरिन्थी १२:३

(ङ) सु-समाचार पालन :-

(१) नयाँ नियमको शिक्षा :-

"म चाँहि त तिमीहरूलाई पश्चातापको लागि पानीको बप्तिष्मा दिन्छु तर म पछि आउनुहुने म भन्दा अझ शक्तिशाली हुनुहुन्छ, जसका जुत्ता बोक्न योग्यको म छैन। उहाँले तिमीहरूलाई पवित्र आत्मा र आगोले बप्तिष्मा दिनुहुन्छ।"

(मति ३:११)

"कोहि पानी र आत्माबाट जन्मेन भने परमेश्वरको राज्यमा पस्न सक्दैन ।"

(युहन्ना ३:५)

"पश्चाताप गर र तिमीहरूका पाप क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरू प्रत्येकले बप्तिष्मा लेउ, र तिमीहरूले पवित्र आत्माको बप्तिष्मा पाउने छौ ।"

(प्रेरित २:३८)

"हामी जो पापको लेखि मर्‍यौ त कसरी हामी अझै त्यसैमा जिउनु ...?.......हामी मृत्युमा उहाँसँग गाडियौं, ताकि जसरी पिताको महिमाद्धारा ख्रीष्ट मरेकाहरुबाट जीवित पारिनुभयो, त्यसरी हामी पनि नयाँ जीवनको मार्गमा हिडौं ।.........पाप र मृत्युको व्यवस्थाबाट मलाई जीवनका आत्माको व्यवस्थाको ख्रीष्ट येशूमा मुक्त पारेको छ ।"

(रोमी ६:२,४,८:२)

"तिमीहरू कोहि यस्तै थियौ, तर तिमीहरू धोइयौ, पवित्र पारियौ, प्रभु येशू ख्रीष्टको नायँमा हाम्रा परमेश्वरका आत्माद्धारा निर्दोष ठहरिइयौं ।"

(१कोरिन्थी ६:११)

"मैले तिमीहरूलाई प्रचार गरेको सु-समाचार म तिमीहरूलाई याद दिलाउन चाहन्छु । जुन सु-समाचार तिमीहरूले ग्रहण गर्‍यौ र जसमा तिमीहरु स्थिर रहेयौ । यस सु-समाचारद्धारा तिमीहरूको उद्धार भएको छ यदि त्यसमा तिमीहरू अटल रह्यौ भने नत्रत तिमीहरूले व्यर्थमा विश्वास गर्‍यौ । किनभने मैले जे पाँए त्यसैलाई सबैभन्दा मुख्य विश्वासको रुपमा तिमीहरूलाई सुम्पिए अर्थात पवित्र धर्मशास्त्र अनुसार ख्रीष्ट हाम्रा पापको निम्ति मर्नुभयो उहाँ गाडिनु भयो र पवित्र धर्मशास्त्र अनुसार तेस्रो दिनमा उहाँ पुर्नजीवित पारिनुभयो ।"

(१ कोरिन्थी १५:१-४)

"तव हामी आफैले धार्मिकतामा गरेका कामबाट होइन तर उहाँको आफ्नै कृपाअनुसार पुर्नजीवनको स्नानद्धारा र पवित्र आत्माद्धारा भएको नविकरणबाट उहाँले हामीलाई मुक्ति दिनुभयो ।"

(तितस३:५)

"किनकी गवाही दिनेहरू तीन छन् अर्थात पवित्र आत्मा, पानी र रगत र सबै कुरामा यी सहमत हुन्छन् ।"

(१ युहन्ना ५:८)

मर्कूस १:८, १६:१५,१७
लुका ३:१६, लुका २४:४६-४९
प्रेरित १:४-८,३:१९
प्रेरित ८:३६-३९
प्रेरित ९:१७-१८,२२:१६

* प्रेरित १०:४३-४८
प्रेरित ११:१५-१८, प्रेरित १६:३०-३४
* प्रेरित १९:१-६
* रोमी ६:१-७, ७:६, ८:२
१कोरिन्थी १०:१-२, हिब्रु ६:१-२,
* १युहन्ना ५:८-१०

२. पुरानो नियमका ऐतिहासिक तथ्यहरू (रगत, पानी, आगो र तेल)

"भाई हो, तिमीहरूले यो कुरा जान भनी म चाहान्छु कि हाम्रा पुर्खाहरू सबै बादलमुनि थिए । र सबै समुन्द्रको बिच बाटो भएर गए । अनि मोशामा तिनीहरू सबैले बादल र समुन्द्रमा बप्तिष्मा पाएका थिए ।"

(१ कोरिन्थी १०:१-२)

* प्रस्थान १२:१३,१४:१९-३१
* प्रस्थान १९:१०-११
* प्रस्थान २९:१-७
लेवी १:१-१३
लेवी १४:१-२०
* प्रस्थान ४०:६-७ र हिब्रु ९:१-९
मति ३:११ र प्रेरित २:३-४
युहन्ना १४:१६-१७ र १ युहन्ना २:२०,२७
१पत्रुश ३:२०-२१ र २पत्रुश ३:५-७

गन्ती १९:१-१०
गन्ती ३१:१-१८
गन्ती ३१:२१-२४
१ राजा १८:३३-३९
हिब्रु ९:१८-२०

(च) पश्चाताप :-

१.पश्चातापको आवश्यकता

"तिमीहरूले पश्चाताप गरेनौ भने यसरी नै नास हुँदै जाने छौ ।"

(लुका १३:३,५)

"पश्चाताप ........"

(प्रेरित २:३८)

"यसकारण पश्चाताप गर्नुहोस् र फर्कनुहोस् कि तपाईंहरूका पाप मेटिउन र परमप्रभुको उपस्थितीबाट आनन्दको समय आओस् ।"

(प्रेरित ३:१९)

"यस्तो अज्ञानताको समयलाई परमेश्वरले ध्यान दिनुभएन, तर अव प्रत्येक ठाँउमा सब मानिसहरूलाई पश्चाताप गर्ने आज्ञा दिनुहुन्छ ।"

(प्रेरित १७:३०)

इजकियल १८:३०-३२
इजकियल ३३:११
मति ३:१-११
मति ४:१७
मर्कूश १:४-५
* मर्कूश १:१५
लुका ३:३-९
* लुका १३:१-५
लुका २४:४७
प्रेरित २६:१८,२०
रोमी २:४
* हिब्रु ६:१
१पत्रशु ३:९
प्रकाश २:५
प्रकाश २:१६
प्रकाश २:२१-२२
प्रकाश ३:३

२. पश्चातापको उदाहरणहरू :-

"तोडिएको आत्मा नै परमेश्वरको निम्ति बलिदान हो । हे परमेश्वर तोडिएको र पश्चाताप हृदयलाई तपाईं तिरस्कार गर्नु हुन्न ।"

(भजन संग्रह ५१:१७)

"आफ्ना पापहरू लुकाउनेको उन्नती हुदैन, तर जसले ति स्वीकार गर्छ र त्याग्छ त्यसले कृपा पाउँछ ।"

(हितोपदेश २८:१३)

"यसकारण पश्चाताप सुहाँउदो फल फलाऔं"

(लुका ३:८)

" तिमीले तिनीहरूका आँखा खोलिदेउ र तिनीहरू अन्धकारबाट ज्योति तर्फ र शैतानको शक्तिबाट परमेश्वर तर्फ फर्कून । यसरी तिनीहरूले पापको क्षमा पाउनेछन् .........पश्चाताप गरेर परमेश्वर तिर फर्क र आफ्ना पश्चाताप योग्यको काम गर भनेर मैले प्रचार गरें ।"

(प्रेरित २६:१८,२०)

"किनभने इश्वरीय शोकले मुक्तिको निम्ति पश्चाताप उत्पन्न गर्छ र त्यसमा पछुतो हुदैन तर संसारको शोकले भने मृत्यु उत्पन्न गर्छ।"

(२कोरिन्थी ७:१०)

| | |
|---|---|
| भजन संग्रह ५१:१-१२ | लुका १५:११-३२ |
| मति ५:३ | लुका १८:९-१४ |
| मति ५:२३-२४ | लुका १९:८ |
| मर्कूश १:४-५, लुका ५:३२ | प्रेरित १९:१८-१९ |
| मर्कूश २:१७ | हिब्रु ६:१ |
| लुका ३:७-९ | १ युहन्ना १:९ |

(छ) पानीको बप्तिष्मा:-

१. महत्व र आवश्यकता :-

"विश्वास गर्ने र बप्तिष्मा लिनेले उद्धार पाउनेछन्।"

(मर्कूश १६:१६)

"कोहि पानी र आत्माबाट जन्मेन भने परमेश्वरको राज्यमा पस्न सक्दैन।"

(युहन्ना ३:५)

"पश्चाताप गर र तिमीहरूका पापक्षमाको लागि येशू ख्रीष्टको नाउँमा तिमीहरू प्रेत्येकले बप्तिष्मा लिऊ......."

(प्रेरित २:३८)

"त अव किन पर्खनुहुन्छ ? उठ्नुहोस र बप्तिष्मा लिनुहोस्, अनि उहाँको नाउँको पुकार गरेर पाप धुनुहोस।"

(प्रेरित २२:१६)

"के तिमीहरू जान्दैनौ, हामी सबै जतिले ख्रीष्ट येशूमा बाप्तिष्मा लियौ, उहाँकै मृत्युमा बप्तिष्मा लिएका थियौं ? यसकारण वप्तिष्माद्धारा हामी मृत्युमा उहाँसँगै गडियौं।"

(रोमी ६:३-४)

"तिमीहरू धोइयौ, पवित्र गरियौ, प्रभु येशू खीष्टको नाउँमा हाम्रो

परमेश्वरका आत्माद्धारा निर्दोष ठहराइयौ ।"

(१कोरिन्थी ६:११)

"किनकी तिमीहरू मध्य जतिले खीष्टमा बप्तिष्मा भयौ, तिमीहरू सबैले खीष्टलाई धारण गरेका छौ ।"

(गलाती ३:२७)

"खीष्टको खतनामा पापमय स्वभावको देहलाई त्यागेर हात विना गरिएको खतनाद्धारा उहाँमा तिमीहरूको खतना भएको थियो । बप्तिष्मामा तिमीहरू उहाँसँग गरिएको थियौ .......बप्तिष्मामा तिमीहरू पनि उहाँसगै जीवित पारियौ ।"

(कलस्सी २:११-१२)

"आठ जना पानीबाट बचाइए । बप्तिष्माले नयाँ जीवन दिन्छ ।"

(१पत्रशु ३:२०-२१)

| | |
|---|---|
| प्रस्थान ३०:२० | लुका ३:१३ |
| लेवी १४:१-७ | लुका ७:३० |
| लेवी १७:१५-१६ | लुका २४:४७ |
| गन्ती १९:१-५,९ | युहन्ना २०:२३ |
| गन्ती १९:१३,२० | कलस्सी २:११-१३ |
| २ राजा ५:१०-१४ | तितस ३:५ |
| मति ३:११ | हिब्रु ९:१९ |
| मति २८:१९ | १ पत्रुश ३:२०-२१ |
| मर्कूश १:४ | १ युहन्ना ५:६,८ |

## २. विश्वासीहरूको लागि पश्चाताप

"यसकारण तिनीसँग बप्तिष्मा लिन आउने भीडहरूलाई तिनले भने.......यसकारण पश्चाताप सुहाँउदो फल फलाऔ ।"

(लुका ३:७-८)

"पश्चाताप गर र तिमीहरू सबैले बप्तिष्मा लिऊँ ।"

(प्रेरित २:३८)

"जब जस-जसले उनको कुरा ग्रहण गरे तिनीहरूले बप्तिष्मा लिए ।"

(प्रेरित २:४१)

"तर जव तिनीहरूले परमेश्वरको राज्य र येशू ख्रीष्टको नाउँको सु-समाचार सुहाउने फिलिपका कुरामा विश्वास गरे तव पुरुष र स्त्रीहरूले बप्तिष्मा लिए ।"

(प्रेरित ८:१२)

"अनि उनीहरू बाटोमा जाँदा-जाँदै कोहि पानी भएको ठाँउनेर आइपुगे। ती नपुंसकले भने, हेर्नुहोस् यहाँ पानी रहेछ, मलाई बप्तिष्मा हुन देखि के ले रोक्न सक्छ ? फिलिपले भने यदि सारा ह्रदयले नै विश्वास गर्नुहुन्छ भने तपाईले बप्तिष्मा लिन सक्नुहुन्छ ।"

(प्रेरित ८:३६-३७)

"कोरिन्थीहरू मध्ये पनि धेरैले पावलका बचन सुनेर विश्वास गरे र बप्तिष्मा लिए ।"

(प्रेरित १८:८)

* मति ३:६-८
मर्कूश १:५
* मर्कूश १६:१६
प्रेरित ९:६,१८
प्रेरित १०:४३
प्रेरित १०:४७-४८
प्रेरित १६:१४-१५
प्रेरित १६:३१-३४
* प्रेरित १९:५
हिब्रु ११:६

३. बप्तिष्मा कार्य : पूर्ण पानीमा डुवेर / डुवाएर :-

"येशू बप्तिष्मा लिएर तुरुन्तै पानीबाट माथि निस्कनु भयो ।"

(मति ३:१६)

"युहन्ना पनि सालिमको छेउ एनोनमा बप्तिष्मा दिन्थे किनकी त्यहाँ प्रसस्त पानी थियो ।"

(युहन्ना ३:२३)

"अनि उनीहरू बाटोमा जाँदा-जाँदै कोही पानी भएको ठाउँनिर आइपुगे ती नपुंसकले भने हेर्नुहोस् यहाँ पानी रहेछ, मलाई बप्तिष्मा हुन देखि के ले रोक्न सक्छ ? ........अनि दुबै जनाले पानीमा ओर्ले र उनले तिनलाई बप्तिष्मा दिए तर जव उनीहरू पानीबाट बाहिर उक्लि आए, तव प्रभुका आत्माले फिलिपीलाई पक्रेर लैजानुभयो र ती नपुंसकले

उनलाई फेरि देखेनन् र ती रमाउँदै आफ्नो बाटो लागे।"
(प्रेरित ८:३६-३९)

"यसकारण बप्तिष्माद्धारा हामी मृत्युमा उहाँसगै गाडियौ।"
(रोमी ६:४)

"बप्तिष्मामा तिमीहरू उहाँसग गाडिएका थियौ।"
(कलस्सी २:१२)

| | |
|---|---|
| मति १५:६ | मर्कूश ७:८ |
| * मर्कूश १:५ | प्रेरित १०:४७-४८ |
| * मर्कूश १:९-१० | |

४. बप्तिष्मा विधि :- येशूको नाउमा :-

"येशू खीष्टको नाउँमा तिमीहरू प्रत्येकले बाप्तिष्मा लेउ।"
(प्रेरित २:३८)

"तिनीहरूले बप्तिष्मा प्रभु येशूको नाउँमा लिएका थिए।"
(प्रेरित ८:१६)

"अनि तिनले तिमीहरूलाई येशू खीष्टको नाउँमा बप्तिष्मा दिनु भनि आज्ञा गरे।"
(प्रेरित १०:४८)

(ग्रिक पुस्तकमा भनिएको छ, येशू खीष्टका नाउमा)

"अनि तिनले उनीहरूलाई भने, तव तिमीहरूले कस्तो बप्तिष्मा लियौ ? उनीहरुले भने युहन्नाको बप्तिष्मा, तव पावलले भने, युहन्नाले दिएको वप्तिष्मा चाँहि पश्चातापको बप्तिष्मा थियो। उनी पछि आउनुहुने व्यक्ति अर्थात येशूमाथि विश्वास गर्नु भनि उनले मानिसहरूलाई बताउथे। यो कुरा सुनेर उनीहरूले प्रभु येशूको नाउँमा बप्तिष्मा लिए।"
(प्रेरित १९:३-५)

"अव किन पर्खनुहुन्छ ? उठ्नुहोस् र बप्तिष्मा लिनुहोस् अनि उहाँको नाउँको पुकार गरेर आफ्नो पाप धुनुहोस्।"
(प्रेरित २२:१६)

(ग्रीक पुस्तकमा, उहाँको नाउँमा लेखिएको छ।)

युहन्ना १४:६-१४
प्रेरित ३:६, १६
प्रेरित ४:७-१२
* प्रेरित ८:१२
प्रेरित १०:४३
* प्रेरित १५:१७
रोमी ६:३
रोमी ६:४
* १ कोरिन्थी १:१३
१कोरिन्थी ६:११
गलाती ३:१७
एफिसी ३:१४-१५
फिलिपी २:९-११
कलस्सी २:९-१०
कलस्सी २:१२
* कलस्सी ३:१७
* याकुब २:७

५. मति २८:१९ मा एक नाउ मात्र :-

"तव येशू तिनीहरूकहाँ आएर भन्नुभयो, स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ । यसकारण जाओ र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिष्मा देओ । मैले तिमीहरूलाई आज्ञा गरेको सवै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ । हेर म युगको अन्त्यसम्म सधैं तिमीहरूका साथमा छु ।"

(मति २८:१८-२०)

"परमप्रभु समस्त पृथ्वीका राजा हुनु हुनेछ । त्यस दिन एकमात्र परमप्रभु हुनु हुनेछ । उहाँकै नाउँ मात्र हुनेछ ।"

(जकरिया १४:९)

"तिनले एउटा पुत्र जन्माउनेछिन् र तिमीले उहाँको नाउँ येशू राख्ने छौ, किनभने उहाँले आफ्ना मानिसहरूलाई तिनीहरूका पापबाट बचाउनुहुनेछ ।"

(मति १:२१)

"अनि यरुशलेमबाट शुरु गरेर सबै जातिहरूलाई उहाँको नाउँमा पश्चाताप र पाप क्षमाको प्रचार गर्नुपर्छ ।"

(लुका २४:४७)

"म आफ्ना पिताको नाउँमा आएको छु तर तिमीहरू मलाई ग्रहण गर्दैनौ ।"

(युहन्ना ५:४३)

"अव देखि त्यहाँ कहिल्यै सराप हुने छैन । परमेश्वर र थुमाको सिंहासन त्यहाँ हुनेछ, र उहाँका दासहरूले उहाँको आरधना गर्नेछन् । तिनीहरूले उहाँको मुहार देख्नेछन र उहाँको नाउँ तिनीहरूका निधारमा हुनेछ ।"

(प्रकाश २२:३-४)

मर्कूस १६:१५-१७
भजन संग्रह २२:२२
यशैया ९:६
यशैया १६:१५-१७
युहन्ना १७:६,२६
प्रेरित २:३८,८:१६,१०:४८
यहुन्ना १४:२६
प्रेरित १९:३-५
